**REGIONAL NEWS UNIT**

**ALL INDIA RADIO GANGTOK**

**NEPALI NEWS BULLETIN**

**Date:26.04.2025** **BROADCAST: 18:40 hrs**

- **Mann Ki Baat**

प्रधानमन्त्री नरेन्द्र मोदीले जोड़ दिँदै भन्नुभयो, पहलगाम आतंकी आक्रमणका दोषीहरू र यस घटनाको षड़यन्त्र गर्नेहरूलाई कठोर जवाफ दिइनेछ। आकाशवाणीमा मन की बात कार्यक्रममा देशलाई सम्बोधन गर्दै श्री मोदीले यस महिनाको बाहिस तारिक पहलगाममा भएको आतंकी आक्रमणमाथि दुःख व्यक्त गर्नुभयो। उहाँले भन्नुभयो, यस आक्रमणले आतंकवादका मालिकहरूको हताश र कायरतालाई दर्शाउँदछ। प्रधानमन्त्रीले भन्नुभयो, कश्मीरमा शान्ति बहाल हुनु, लोकतन्त्र मजबूत हुनु र पर्यटकहरूको संख्यामा रिकर्ड वृद्धि भारत र जम्मून-कश्मीरका दुश्मनहरूलाई मन परेको थिएन।

प्रधानमन्त्रीले भन्नुभयो, आतंकवाद विरूद्ध यस लड़ाईमा सबैभन्दा ठूलो शक्ति देशको एकता र एक सय चालीस करोड़ भारतीयको एकजुटता हो। उहाँले आतंकवाद विरूद्ध यो एकता नै निर्णायक लड़ाईको आधार हो भन्नुभयो।

प्रधानमन्त्रीले डाक्टर K कस्तूरीरंगनलाई श्रद्धाञ्जली अर्पण गर्दै भन्नुभयो, देशले एक महान वैज्ञानिक गुमाएको छ। श्री नरेन्द्र मोदीले भन्नुभयो, विज्ञान, शिक्षा र भारतको अन्तरिक्ष कार्यक्रमलाई नयाँ उँचाईसम्म पुर्‍याउनमा रहेक उहाँको योगदानलाई संधै याद राखिनेछ।

श्री मोदीले यस वर्ष अप्रेलमा आर्यभट्ट उपग्रहको प्रक्षेपणको पचास वर्ष पूरा भएकोमा प्रसन्नता व्यक्त गर्नुभयो। पच्चास वर्षको यो यात्रा केवल हौसलबाट शुरू भएको बताउँदै श्री मोदीले भन्नुभयो, त्यस समयका युवा वैज्ञानिकहरूसित न आधुनिक संसाधन थियो अनि न नै विश्वको प्रौद्योगिकीसम्म पहुँच। प्रधानमन्त्रीले भन्नुभयो, भारतले निजी क्षेत्रका लागि पनि अन्तरिक्ष क्षेत्रको दैलो खुल्ला गरेको छ।

---------------------------------------X---------------------------------------

- **BJP Tribute Meeting**

राज्यमा आज पहलगाम आतंकी घटनाबारे प्रतिरोध जनाइयो। गान्तोकको महात्मा गान्धी मार्गमा सम्पन्न कार्यक्रममा उपस्थित मुख्यमन्त्री प्रेमसिंह तामाङ, मन्त्रीगण, विधायकगण एवं अन्य नागरिकहरूले दाहीने हातमा कालो पट्टी बाँधेर घटना र आतंकको विरोध जनाए।

भारतीय जनता पार्टी सिक्किम एकाइले पनि आज गान्तोकको तादोङस्थित दुर्गा मन्दिर परिसरमा राष्ट्रिय एकताको संकल्प गर्दै, पहलगाम आतंकवादी आक्रमणमा दिवंगतहरूको सम्मानमा श्रद्धाञ्जलि सभा आयोजन गर्‍यो।

---------------------------------------X---------------------------------------

- **CM Attends Archery**

मुख्यमन्त्री प्रेमसिंह तामाङले भन्नुभयो, हामीले पाकिम विमानास्थल चाँड़ो सञ्चालनमा ल्याउन पहल गरिसकेका छौं। पाकिमको कार्थोकस्थित आर्चरी खेल मैदानमा आज सम्पन्न तेहीसौं मुख्यमन्त्री कम्पाउण्ड आर्चरी स्वर्ण कप प्रतियोगिताको फाइनलमा बोल्दै मुख्यमन्त्रीले भन्नुभयो, पाकिम विमानास्थलबाट सञ्चालित एकमात्र विमान स्पाइसजेटले यहाँबाट उड़ान सञ्चालन गर्न प्रस्ताव दिएको छ। यस प्रस्तावअन्तर्गत राज्य आउने उड़ानका लागि सिक्किम सरकारले बहतरमध्ये बहसटवटा अनि वापस फर्किने उड़ानका लागि बाहुनवटा आसनको प्रायोजन वा वहन गर्नेछ। श्री तामाङले यस सम्बन्धमा केन्द्र सरकारलाई अवगत गराएको अनि आफूहरू प्रतिउत्तरको प्रतिक्षामा रहेको बताउनुभयो। यो विमानास्थल २०२३-को अक्टोबर महिनामा आएको बाड़ीपछि बन्द रहेको लगभग दुई वर्ष भएको छ।

---------------------------------------X---------------------------------------

- **MP Welcomes KM Yatra**

लोकसभा सांसद डाक्टर इन्द्रहाङ सुब्बाले चार वर्षपछि सिक्किमको नाथुला पास र उत्तराखण्डको लिपुलेक पासबाट कैलास मानसरोवर यात्रा पुनः शुरूवातको स्वागत गर्नुभयो।

उहाँले यो यात्राका निम्ति गर्व व्यक्त गर्दै प्रधानमन्त्री नरेन्द्र मोदी, गृहमन्त्री अमित शाह, विदेशमन्त्री डाक्टर सुब्रमण्यम जयशंकर र मुख्यमन्त्री प्रेमसिंह तामाङप्रति उहाँहरूको नेतृत्व र समर्थनका लागि आभार व्यक्त गर्नुभयो। दश समूहमा रहने यस यात्राको प्रत्येक चरणमा पच्चासजना तीर्थयात्री रहनेछन्।

डाक्टर सुब्बाले पवित्र तीर्थयात्राको प्रवेशद्वारका रूपमा सिक्किमको भूमिकाबारे बताउँदै, सुरक्षित र आध्यात्मिक यात्रा सुनिश्चित गर्नमा रहेको केन्द्र र राज्य सरकारको सामूहिक प्रयासमाथि प्रकाश पार्नुभयो।

---------------------------------------X---------------------------------------

- **Governor Rajasthan**

राज्यपाल ओम प्रकाश माथुरले आज राजस्थानको अलवरस्थित विवेकानन्द स्मारक प्रांगणमा E-पुस्तकालयको लोकार्पण गर्नुभयो।
वर्ष २०२२-मा आफू राज्यसभा सांसद हुँदाको समयमा राज्यपाल स्वयंले यो आधुनिक E-पुस्तकालय भवनको निर्माण संसद स्थानीय क्षेत्र विकास योजनाअन्तर्गत गर्नुभएको थियो। उहाँले शिक्षा र नवाचारलाई प्राथमिकता दिने दिशामा यो महत्त्वपूर्ण योगदान दिनुभएको हो।

यहाँ पुस्तक, फर्नीचर, कम्प्यूटर एवं अन्य उपकरणहरू केन्द्रिय वन, पर्यावरण, जलवायु परिवर्तन मन्त्री भूपेन्द्र यादवले सांसद कोष र V शक्ति ट्रस्टबाट उपलब्ध गराउनुभएको हो। पछि अलवरको प्रताप अडिटोरियममा सम्पन्न कार्यक्रममा श्री माथुरलाई उहाँको योगदानको कदर गर्दै नागरिक सम्मान जनाइयो।

---------------------------------------X---------------------------------------

- **Lachung Tourists**

चुङथाङका महकुमा अधिकारी अरूण छेत्रीले बताउनुभएअनुसार दुई चक्केसहित एक सय छब्बीसवटा पर्यटक वाहनहरू आज बिहान लाचेनबाट लाचुङ हुँदै जोङखाला प्रस्थान भए। यससितै लाचेनमा थुनिएका सबै पर्यटकहरूलाई यहाँबाट निकाल्ने काम भएको छ।

यी सबै वाहनहरू साङकलाङको मार्ग हुँदै आ-आफ्नो गन्तव्यतर्फ लागेको बताइएको छ।

---------------------------------------X---------------------------------------

- **Bird Fest Inaugurated**

वन मन्त्री पिन्स्टो नामग्याल लेप्चाले आज गेजिङ जिल्लाको रापदेञ्चि सिडक्योङ टुल्कु बर्ड पार्कमा आयोजित दुई दिवसीय बर्ड फेस्ट २०२५-को उदघाटन गर्नुभयो। वन एवं पर्यावरण विभागले आयोजना गरेको कार्यक्रममा भवन एवं आवास तथा श्रम मन्त्री भीमहाङ लिम्बू साथमा हुनुहुन्थ्यो। दुई दिन लामो यस कार्यक्रममा आर्चरी, म्याराथन, बाइकर ऱ्याली, प्याराग्लाइडिङ, चित्रकला जस्ता प्रतियोगीताहरू समावेश गरिएको छ।

राज्य स्थापनाको पचार वर्षको अवसरमा आयोजित कार्यक्रमबारे बोल्दै मन्त्री लेप्चाले भन्नुभयो, धेरै प्रजातिका चराहरू रहेको यो पार्क अहिले अधिक प्रचलित भइसकेको छ।

---------------------------------------X---------------------------------------